आज मिति २०७७ साल पौष २९ गते दिउसो १ बजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | भावना भण्डारी | नगर उप प्रमुख | |
| ३ | दिपक राना | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | काली बहादुर वली | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | लिला बहादुर शाह | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | खम्बजंग शाह | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्यामलाल जैसी | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | शशिराम बुढा | वडा नं. ६ वडा अध्यक्ष | |
| ९ | बल बहादुर लुहार | का.बा. वडा नं. ७ वडा अध्यक्ष | |
| १० | कर्ण बहादुर कार्की | वडा नं. ८ वडा अध्यक्ष | |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा नं. ९ वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा नं. १० वडा अध्यक्ष | |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा नं. ११ वडा अध्यक्ष | |
| १४ | निम बहादुर भनारी | वडा नं. १२ वडा अध्यक्ष | |
| १५ | गोपाल बटाला | वडा नं. १३ वडा अध्यक्ष | |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | मनकला |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | |
| २१ | मिना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| २८ | सूर्य प्र. लम्साल | सूचना अधिकृत | |
| २९ | रतन ढ्वाई | स.पा | |
| ३० | भरत नेपाली | का.स. | |

**निर्णयहरूः**

१. चालु आ.व. २०७७।७८ को हिउदे अधिवेशन (नगर सभा) निम्न मिति, समय र स्थानमा शुरू गर्ने
अधिवेशन आयोजना हुने मितिः २०७७।१०।११ र १२ गते
अधिवेशन आयोजना हुने समयः विहान ११ बजे देखि
अधिवेशन आयोजना हुने स्थानः जिल्ला समन्वय समितिको सभा भवन खलंगा

२. यस नगरपालिकाको चालु आ.व. २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम, बजेट तथा प्राप्त अख्तियारी र हालसम्मको प्रगति सम्बन्धमा जानकारी प्राप्त भयो । कार्यप्रगति सन्तोषजनक नदेखिएका विषयगत शाखा र पुर्वाधार योजनाहरूको संझौता हुन बाँकी योजनाहरूको यथाशिघ्र प्रक्रिया अगाडी बढाउन सम्बन्धित वडा तथा कार्यालयलाई निर्देशन दिने ।

३. नगर शिक्षा समितिको मिति २०७७।९।२७ गते सम्पन्न बैठकको सम्पूर्ण निर्णय अनुमोदन गर्ने ।

४. गत आ.व. को स्वीकृत कार्यक्रम अनुसार सम्झौता भई कार्यान्वयनमा रहेका तर निर्माण सम्पन्न हुन नसकी अलपत्र अवस्थामा रहेका तपसिलमा उल्लेखित योजनाहरूको निर्माण सम्पन्न गर्न चालु आ.व. मा बजेट मौज्दात रहन गएमा सोहीबाट र बजेट मौज्दात नभएमा आगामि आ.व. २०७८।७९ को बजेटबाट भुक्तानी दिने गरी थप कार्यादेश दिने साथै निर्माण सम्पन्न भई रकम भुक्तानी नभएका योजनाहरूको प्राविधिक मुल्यांकनको आधारमा चालु आ.व. को मौज्दात हुने बजेटबाट भुक्तानी दिने ।
तपसिलः

**(कार्य सम्पन्न भई भुक्तानी बाँकी भएका योजनाहरू)**

| क्र स | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री वालज्योति प्रा.वि. गैरीगाउँ भवन निर्माण | वडा नं. ७ |
| २ | श्री जन विकास आधारभुत विद्यालय भवन निर्माण | वडा नं. ८ |
| ३ | श्री ज्ञानकुन्ज प्रा.वि. बुरुङगे भवन निर्माण | वडा नं. ८ |
| ४ | श्री सुर्यज्योती आ.वि. भवनको फिनिसिङ कार्य | वडा नं. ९ |
| ५ | ठुलाखोला माझगाउँ मुहान संरक्षण तथा ईन्टेक निर्माण | वडा नं. ६ |
| ६ | दहखोला कामी गाउँ धनारी खानेपानी निर्माण | वडा नं. ६ |
| ७ | डिप वोरिङ निर्माण | वडा नं. १३ |
| ८ | तल्लो थाप्ले वसपार्क निर्माण | वडा नं. ३ |
| ९ | रातो पाण्डा युवा सहकारी फर्निचर निर्माण | वडा नं. ६ |
| १० | जोगेनीखोला साना सिचाई | वडा नं. ६ |

**कार्य सम्पन्न हुन बाँकी थप कार्यादेश दिनुपर्ने योजनाहरूः**

| | | |
|---|---|---|
| १ | विजय मा.वि. भवन निर्माण | वडा नं. ५ |
| २ | ने.रा.आधारभुत विद्यालय भवन निर्माण, पौरी | वडा नं. ९ |
| ३ | सुर्यज्योति आ.वि. घोरनेटा भवन निर्माण | वडा नं. ९ |
| ४ | भैरव आ.वि. भुरचौर ६ कोठे भवन निर्माण | वडा नं. १० |
| ५ | थर्पुडाँडा आधारभुत विद्यालयको भवन निर्माण | वडा नं. १२ |

Scanned with CamScanner

१. प्रधानमंत्री रोजगार कार्यक्रमबाट यस नगरपालिकामा चालु आ.व. को लागि रू २ करोड ४१ लाख ९६ हजार बजेट प्राप्त भएको र उक्त बजेट सबै वडामा दामासाहीका हिसावले रू १८ लाख ६१ हजारका दरले विनियोजन गर्ने र उक्त बजेटबाट योजना कार्यान्वयन गर्न वडा समितिले योजना छनौट गरी नगर सभामा स्वीकृतिका लागि पेश गर्ने ।

२. यस नगरपालिकाको रिम्नामा अवैध रूपमा ढुंगा, गिट्टी बालुवा संकलन तथा विक्रि भएको सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिलमा उल्लेखित ५ सदस्ययीय छानविन समिति गठन गर्ने र उक्त समितिले पत्र प्राप्त भएको मितिले ७ दिनभित्र समस्या सनाधानको उपाय सहित प्रतिवेदन पेश गर्ने

| | |
|---|---|
| क. दिपक राना | संयोजक |
| ख. खम्ब जंग शाह | सदस्य |
| ग. शशि बुढा | सदस्य |
| घ. गोपाल बहादुर बटाला | सदस्य |
| ङ. पार्वति वि.क. | सदस्य |

३. यस नगरपालिकाबाट गत आ.व. २०७६।७७ मा टेण्डर भई विभिन्न कोभिड १९ को संक्रमणका कारण तोकिएको संझौता अवधिमा निर्माण सम्पन्न हुन नसकी म्याद समाप्त भएका देहाय बमोजिमको कामको लागि देहाय बमोजिमका निर्माण व्यवसायी फर्महरूको संझौता सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम (२) बमोजिम मनासिव कारण देखिएमा उपनियम (३) बमोजिम ६ महिनासम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी अवधिको विभागिय प्रमुखले थप गर्न सक्ने उल्लेख भएको र सम्बन्धित निर्माण व्यवसायिहरूले कोभिड १९ को संक्रमण तथा दशैं तिहारको कारण थप म्याद अवधिमा संझौता बमोजिमको कार्य सम्पन्न हुन नसकेकोले म्याद थप गरीपाऊँ भनी पेश गरेको निवेदन सम्बन्धमा छलफल हुँदा निर्माणाधिन कार्य सम्पन्न गर्न २०७७ चैत्र मसान्तसम्म थप गर्ने ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | प्रतिनिधिको नाम | सम्झौता मिति | सम्झौताको म्याद समाप्त मिति |
|---|---|---|---|---|---|
| १ | Bheri/w1/2076/077 | जाजरकोट खलंगा सहलगानी खानेपानी आयोजना | keshab shaha costruction Baijanaath 4 banke | २०७६।११।१० | २०७७।३।२४ |
| २ | Bheri/w2/2076/077 | कुदु रंगशाला निर्माण | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ | २०७७।३।२४ |
| ३ | Bheri/w3/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ | २०७७।३।२४ |
| ४ | Bheri/w4/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ४ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ | २०७७।३।२४ |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | Bheri/w5/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ५ | Dhan and Nabin Nirman sewa Bheri municipality 5 Jajarkot | २०७६।१०।२९ | २०७७।३।२४ |
| ६ | Bheri/w6/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं.१० | New milan Nirman sewa Bheri municipality 10 Jajarkot | २०७६।११।०१ | २०७७।३।२४ |
| ७ | Bheri/w7/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ७ | Kc nirman sewa Karkigaun 6, Jajarkot | २०७६।११।०१ | २०७७।३।२४ |
| ८ | Bheri/w8/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. ८ | Santosh nirman sewa Bheri Municipality 3, Jajarkot | २०७६।११।०५ | २०७७।३।२४ |
| ९ | Bheri/w9/2076/077 | स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १२ | sabin construction Bheri municipality 3 Jajarkot | २०७६।११।१६ | २०७७।३।२४ |
| | | | | | |

४. ३ नं. वडा कायार्लयको भवन निर्माण सम्बन्धमा साईवाबा एण्ड तारा कन्सट्रक्सन प्रा.लि. भेरी न.पा. वडा नं. ३ ले मिति २०७६।११।१६ मा संझौता गरी कार्यादेश लिएको र उक्त फर्मको संझौता अवधि २०७७ पौष मसान्त सम्म म्याद गर्दा समेत निर्माण कार्य शुरू गर्न नसकेकोले उक्त संझौता रद्द गरी सो को जानकारी सम्बन्धित निर्माण व्यवसायीलाई दिने ।

५. यस नगरपालिकाको वडा नं. ३ र ४ मा संघीय खानेपानी तथा ढल व्यवस्थापन सुर्खेत अन्तर्गत निर्माणाधिन अवस्थामा रहेको जाजरकोट खलंगा सहलगानी खानेपानी आयोजनाको लागि वडा नं. ३ को दरवार क्षेत्रमा रिजर्भ ट्याङ्कि निर्माण गर्न जग्गा आवश्यक परेकोले जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको भे.न.पा. वडा नं. ३ साविक खलंगा गा.वि.स. वडा नं. २ स्थित कि.नं. ४० क्षेत्रफल ०-१-१-३ (४६.५२ व.मि.) को जग्गा यस नगरपालिकालाई सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति, २०७१ को बुँदा नं. १३ बमोजिम लिज रकम तिर्नु नपर्ने गरी उपलब्ध गराईदिन जिल्ला मालपोत कार्यालय जाजरकोटलाई अनुरोध गर्ने।

११. तपसिलमा उल्लेखित विषयमा निम्न बमोजिम कार्यान्वयन गर्नेः

क. सुआहारा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक २ जना सहजकर्ताको पारीश्रमिक प्रति महिना रू २०,०००।- का दरले समपुरक कोषमा बिनियोजित रकमबाट तलब भुक्तानी गर्ने गरी रू २,००,०००।- (अक्षेरूपी दुई लाख) व्यहोर्ने ।

ख.श्री त्रि.मा.वि. खलंगामा एक जना सहायक कर्मचारीको लागि राजश्व बाँडफाँडबाट भुक्तानी लेख्ने गरी प्रतिमहिना रू. १५,०००।- का दरले फागुन देखि असार मसान्तसम्म एकमुष्ट रू ७५,०००।- पटके अनुदान दिने ।

Scanned with CamScanner

ग. तपसिलमा उल्लेखित कर्मचारीहरूलाई फागुन १ गते देखि लागु हुने गरी महंगी भत्ता उपलब्ध गराउने ।

- रोजगार संयोजक श्री रश्मि राई (प्रधान मन्त्री रोजगार कार्यक्रमतर्फ)
- सव ईन्जिनियर श्री बरूण बस्नेत (प्रधान मन्त्री रोजगार कार्यक्रमतर्फ)
- एम आई एस अप्रेटर श्री सरोज वली (पंजीकरणतर्फ)
- एम आई एस अप्रेटर श्री पवन कुमार शर्मा (पंजीकरणतर्फ)

घ. शिक्षातर्फका तपसिलमा उल्लेखित कर्मचारीहरूलाई फागुन १ गते देखि लागु हुने गरी फिल्ड भत्ता उपलब्ध गराउने:

- अधिकृत छैटौं श्री अमृत बहादुर पुन मासिक रू १२,०००।-
- प्रा.स. श्री चित्र बहादुर वली मासिक रू १०,०००।-

ङ. जातीय विभेद विरूद्धको अभियानका लागी लघु चलचित्र निर्माणका लागि रु १,५०,०००।– सेवा परामर्ष शिर्षक तर्फ विनियोजित रकमबाट उपल्बध गराउने ।

च. नगरपालिका महासंघमा सदस्यता नविकरण शुल्क बापत रु ५०,०००।– (आ.व. २०७६/०७७ र २०७७/०७८ को) राजश्व बाँडफाँडको विविध शिर्षक तर्फ विनियोजित रकमबाट उपल्बध गराउने ।

६. जाजरकोट बहुप्राविधिक शिक्षालय काफलचौरमा फरेष्ट्री डिप्लोमा, सिभिल ईन्जिनियर डिप्लोमा तथा भेटेरिनरीतर्फको कक्षा संचालन भईसकेको र अध्यापनका लागि एक ट्रेडको लागि मात्र सिटिइभिटीबाट बजेट तथा जनशक्ति प्राप्त भएको र अन्य दुई ट्रेडका लागि आगामी आ.व. देखि मात्र बजेट तथा जनशक्ति प्राप्त हुने भएकोले चालु आ.व. को असार मसान्त सम्मका लागि चालु आ.व. २०७७।७८ को शिक्षातर्फ स्वीकृत विध्दयालयमा थप जनशक्ति व्यवस्थापन (स्वयं सेवक शिक्षक अनुदान) शिर्षकमा विनियोजित बजेटबाट बील भरपाईका आधारमा अधिकतम एकमुष्ट रू २० लाख खर्च लेख्ने गरी अनुदान उपलब्ध गराउने ।

७. नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा तथा अन्य निकायहरूको साझेदारीमा यस नगरपालिकाको खलंगामा आँखा अस्पताल स्थापनाका लागि बिस्तृत अध्ययन सहित लगत अनुमान तयार गर्ने ।

Scanned with CamScanner